त्रिभुवन विश्वविद्यालय

# उपकुलपतिको कार्यालय

कीर्तिपुर, काठमाडौं, नेपाल

**पत्र संख्या च.नं.**

३ भाद्र २०७७

## हार्दिक श्रद्धाञ्जली

राष्ट्रकवि माधवप्रसाद घिमिरेको मिति २०७७ भाद्र २ गते दुखद निधन भएको छ। उहाँको देहावसानबाट नेपालले वाङ्मयका विशिष्ट साधक गुमाएको छ।

राष्ट्रकविले नेपाली भाषा र सहित्यमा पुऱ्याउनुभएको उच्च योगदानको मूल्याङ्कन गर्दै त्रिभुवन विश्वविद्यालयले मिति २०७२ साल चैत्र १ गते उहाँलाई मानार्थ महाविद्यावारिधी (D.Litt.) उपाधि प्रदान गरेको थियो। त्यस्तै उहाँले त्रिभुवन विश्वविद्यालयको अनुरोधलाई स्वीकार गरी २०६९ सालको दीक्षान्त समारोहमा प्रमुख अतिथिको रुपमा पनि सहभागी हुनुभएको थियो। त्रिभुवन विश्वविद्यालयको दीक्षान्त प्रोशेसन समारोहमा उहाँको सृजना "गाउँछ गीत नेपाली, ज्योतिको पङ्ख उचाली" को धुन बजाउने अनुमति प्रदान गर्नुभए अनुसार २०७५ सालको चवालिसौं दीक्षान्त समारोहदेखि सोही गीतको धुन बजाई दीक्षान्त प्रोशेसन गर्ने गरिएको छ।

उहाँको देहावसानले त्रिभुवन विश्वविद्यालयले विश्वविद्यालयलाई प्रगाढ माया गर्ने एक अभिभावक गुमाएको छ। शोकको यस क्षणमा उहाँ प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवार र आफन्तजनमा गहिरो समवेदना व्यक्त गर्दछौं।

**उपकुलपति**
**तथा**
**त्रिभुवन विश्वविद्यालय परिवार**

फोन: ४३३०४३३/४३३०४३४, फ्याक्स: ९७७-१-४३३१९६४, E-mail: vcoffice@tribhuvan-university.edu.np, पोष्ट बक्स नं ८२१२